कम्पनी दर्ता नं. : २०१९२/०७५/०७६
इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा./"घ"/८९/०७५/०७६

स्वस्तिक लघुवित्त वित्तीय संस्था लि.
SWASTIK LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था, प्रादेशिकस्तर (मधेश प्रदेश)

# छैठौ बार्षिक साधारण सभा बस्ने बारेको सुचना !

शेयरधनी महानुभावहरु,

यहि मिति २०८१/०९/०२ गते बसेको यस वित्तीय संस्थाको सञ्चालक समितिको ७७औं बैठकको निर्णयानुसार निम्न विषयहरु उपर छलफल गरि निर्णय गर्नको लागि छैठौं बार्षिक साधारण सभा उल्लिखित मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

## साधारण सभा हुने मिति, समय र स्थान

**मिति :** २०८१/०९/२७ गते शनिबार, तदनुसार ११ जनवरी २०२५ ।
**समय :** बिहान ११:०० बजे ।
**स्थान :** वित्तीय संस्थाको केन्द्रीय कार्यालय, लहान-८ (सिराहा)

## छलफलका विषयहरु :

### (क) सामान्य प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युले पेश गर्नुहुने आ.व. २०८०/८१ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/८१ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु तथा सम्बन्धित अनुसुचिहरु छलफल गरि पारित गर्ने ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०८१/८२ का लागी लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

### (ख) विषेश प्रस्ताव

१. सर्वसाधारणको लागी छुट्याईएको शेयर नियमानुसार सार्वजनिक निष्कासन (IPO) गर्ने सम्बन्धमा ।
२. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने (जारी र चुक्ता पुजी बृद्धि गर्ने एवं अन्य दफा तथा नियमहरुमा आवश्यक संशोधन गर्ने) तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरवदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन/परिमार्जन गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने ।
३. वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न वा भई जान उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पुर्ण कार्य गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

### (ग) विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

## बार्षिक साधारण सभा सम्बन्धि सामान्य जानकारी

१. छैठौ बार्षिक साधारणसभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारीक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
२. साधारण सभामा भाग लिन नसक्ने वा प्रतिनिधी नियुक्त गर्न चाहने शेयरधनीहरुले रीतपूर्वक प्रोक्सि फाराम भरि सभाहुनु भन्दा २४ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय लहान, सिराहामा दर्ता गराउनुपर्ने छ । यसरी नियुक्ती गरिएको प्रतिनिधी यस संस्थाको शेयरधनी हुनुपर्ने छ ।
३. शेयरधनी महानुभावहरु लाई शेयरधनी दर्ता कितावमा कायम रहेको ठेगानामा बार्षिक प्रतिवेदन पुस्तिका पठाईने छ, कुनै कारणवस उक्त पुस्तिका प्राप्त नभएमा संस्थाको केन्द्रीय कार्यालयबाट समेत प्राप्त गर्न सकिने छ ।
४. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्याहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ९ बजे देखि २ बजे सम्म वा साधारणसभा सम्पन्न नभएसम्म खुला रहने छ ।
५. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य तथा जिज्ञासाहरु सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष आफैंले वा निजबाट अख्तियार पाएका व्यक्तिहरु बाट सामूहिक रुपले जवाफ दिइनेछ ।
६. छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा ७ (सात) दिन अगावै छलफल गर्नुपर्ने विषयहरु कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्ष लाई लिखित रुपमा दिनुपर्नेछ । सो विषय लाई छलफलमा समावेश गरिएपनि निर्णयको रुपमा भने राखिने छैन ।
७. साधारण सभामा भाग लिन आउँदा जाँदा लागेको खर्च लगाएत अन्य कुनैपनि प्रकारको खर्चको शोधभर्ना यस वित्तीय संस्थाले नदिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

अन्य थप जानकारीका लागि केन्द्रीय कार्यालय लहान, सिराहामा कार्यालय समय भित्र टेलिफोन नं. ०३३-५६३०६७ मा सोझै सम्पर्क राख्नुहुन वा संस्थाको आधिकारीक वेवसाईट www.swastikmicrofinance.com मा हेर्न वा इमेल ठेगाना info@swastikmicrofinance.com मा लेखि पठाउन सक्नुहुनेछ ।